लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८१

<u>मितिः २०८१/०८/१७ को प्रदेश सरकार (मन्त्रिपरिषद) निर्णयबाट संशोधित</u>

**प्रस्तावनाः** स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा २ को अधिकार प्रयोग गरी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

(३) यो कार्यविधि लुम्बिनी प्रदेश भर लागू हुनेछ।

२. <u>कार्यविधिको दफा ७ मा संशोधनः</u> स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ७ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रम सञ्चालनको लागि छनौट भएको गाउँमा देहायको अवस्थामा सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालनको कार्य अगाडी नबढाई त्यस्तो कार्यक्रम जुन अवस्थामा रहेको छ सोही अवस्थामा स्थानीय तहको रोहबर तथा रेखदेखमा रहने गरी हस्तान्तरण गर्नुपर्ने छः-

(क) दफा ६ को उपदफा (२) को खण्ड (घ) बमोजिम ५० प्रतिशत लक्ष्य प्राप्त गर्न नसकेको कारण,

(ख) विपद् तथा कोभिडको महामारीको कारण,

(ग) बजेट विनियोजन नभएको कारण, वा

(घ) लागत साझेदारी हुन नसकेको कारण।

३. <u>मूल कार्यविधिको दफा ७ पछि दफा ७ क थपः</u> मूल कार्यविधिको दफा ७ पछि देहायको दफा ७ (क) थपिएको छः

"७क. <u>हस्तान्तरण सम्बन्धीः</u> (१) सम्बन्धित कार्यालयले स्थानीय तहको रोहबर तथा रेखदेखमा रहने गरी सम्बन्धित संस्थाबाट सञ्चालन हुने गरी कार्यक्रम हस्तान्तरण गर्नेछ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "सम्बन्धित संस्था" भन्नाले यस कार्यक्रमको लाभग्राहीको रुपमा रही स्थानीय तहमा दर्ता भएको स्मार्ट कृषि गाउँ कार्यान्वयन समिति वा सो समितिलाई रुपान्तरण गरी बनेको कृषि सहकारी वा सम्बन्धित बाली वस्तुको स्रोत केन्द्र वा सामूहिक कृषि तथा पशुपन्छी फर्म वा कृषक समूह" लाई सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम हस्तान्तरण विधि, प्रक्रिया, शर्त र सरोकारवालाले पालना गर्नुपर्ने जिम्मेवारी मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>मूल कार्यविधि को दफा १५ मा संशोधनः</u> मूल कार्यविधिको दफा १५ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (४) बमोजिम मन्त्रालयमा प्राप्त अनुगमन प्रतिवेदन मन्त्रालयले निर्देशक समितिमा छलफलको लागि पेश गर्नुपर्नेछ।"

५. <u>मूल कार्यविधिको दफा १६ मा संशोधनः</u> मूल कार्यविधिको दफा १६ को उपदफा (२) मा रहेका " निर्देशक समिति" भन्ने शब्दहरूको सट्टामा " निर्देशक समिति वा निर्देशक समितिले तोकेको मन्त्रालय वा मन्त्रालय अन्तर्गतको निर्देशनालय वा जिल्ला स्थित कार्यालयका कुनै पदाधिकारी वा अधिकृत कर्मचारी" राखे र "अनुगमन गर्ने" भन्ने शब्दहरुको पछि " सो अनुगमनबाट प्राप्त सूचना तथा दफा १५ को उपदफा (५) बमोजिमको प्रतिवेदनबाट" भन्ने शब्दहरु थपिएका छन् ।

सचिव